NEPALI
श्री Diijon DaCosta, Sr., *समितिका अध्यक्ष*
सुश्री Deirdre P. Pierce, *उपाध्यक्ष*
श्रीमती Anna Hill
श्रीमती Whitney McGinniss
श्रीमती Allyson Gevertz
श्रीमती Vickie B. Turner
डा. Joyce Morley

DeKalb County School District

डा. Devon Q. Horton, *सुपरिन्टेन्डेन्ट*

**तत्काल प्रकाशन गर्न मिल्ने**

बुधवार, जून 12, 2024

**सम्पर्क:**
Donald Porter, *Ed.D.* 678-481-4110
Carla Parker 404-734-1717

# DCSD ले उत्कृष्ट प्रतिभाहरूलाई आकर्षित गर्न र बरकरार राख्न प्रतिस्पर्धी सेवा सुविधा सुरु गरेको छ

*सफलताको रङ्ग समर रोजगारी मेला जुन 13 बिहीवारका दिन, Columbia MS मा हुन गइरहेको छ ।*

(STONE MOUNTAIN, GA)- DeKalb County School District (DCSD) शैक्षिक उत्कृष्टतालाई बढवा दिन समर्पित शीर्ष तहको प्रतिभालाई भर्ती गर्न र काममा बरकरार राख्न तयार गरिएको शृङ्खलाबद्ध ठोस कर्मचारी प्रोत्साहन तथा रेफरल कार्यक्रमहरूको बारेमा गर्वका साथ घोषणा गर्दछ । हाम्रा कर्मचारीहरूको असाधारण योगदानहरूलाई सम्मान तथा पुरस्कृत गर्ने दृढ प्रतिबद्धताको साथ, DCSD ले कर्मचारीहरूको सन्तुष्टि बढाउन र हाम्रो विविधतायुक्त शैक्षिक समुदायमा नयाँ पेसाकर्मीहरूलाई आकर्षित गर्न विस्तृत सेवा सुविधाहरू प्रदान गर्दैछ ।

सुपरिन्टेन्डेन्ट डा. Devon Q. Horton ले भन्नुभयो कि DCSD काम गर्ने सहयोगी तथा फलदायी वातावरण सिर्जना गर्न प्रतिबद्ध छ जसले कर्मचारीको समर्पणलाई महत्त्व दिन्छ, हाम्रा विद्यार्थीहरूको लागि शिक्षाको गुणस्तर तथा सहायता उल्लेखनीय रूपमा सुधार गर्छ ।

"हामी उत्कृष्ट तथा तेजिलो विद्यार्थीका लागि रोजाइको स्कूल डिस्ट्रिक्ट बन्न चाहन्छौं," डा. Horton ले भन्नुभयो । "हामीलाई थाहा छ कि यसको एउटा ठूलो हिस्सा भनेको तलब हो, त्यसैले हामीले यस प्रतिस्पर्धी रोजगार बजारमा हाम्रो प्रतिबद्धता देखाउन पेसाका सबै तहहरूमा पेसाकर्मीहरूका लागि विस्तृत सेवासुविधाहरूको प्याकेज राखेका छौं ।"

0 वर्षको अनुभव भएको व्यावसायिक रूपमा प्रमाणित नयाँ शिक्षकको सुरुवाती तलव $60,000 राखिएको छ । *नयाँ पदपूर्ति सेवासुविधा* (तल हेर्नुहोस्) को साथमा, FY25 को कुल तलव $62,500 सम्म बढ्नेछ । यसका अलवा, डिस्ट्रिक्टले **शिक्षक तलब तालिका,2024-25** को चरण 6-16 मा उल्लेखनीय सुधार गरेको छ । यसको लक्ष्य भनेको अनुभवी शिक्षकहरूलाई आकर्षित गर्नु र बरकरार राख्नु हो ।

DCSD ले बस चालकहरू, प्यारा प्रोफेसनलहरू, विद्यालय स्रोतका अधिकारीहरू, नर्सहरू, र अन्य सञ्चालन विशेषज्ञहरूको बहुमूल्य योगदानको कदर गर्दछ, र उनीहरूले $2,000 देखि $2,500 सम्मको साइन-अन बोनसहरू प्राप्त गर्नेछन् ।

तलव तालिका, प्रोत्साहन, तथा DCSD को अन्य पारिश्रमिक कार्यक्रमहरूको सारांश यहाँ दिइएको छ ।

### 2024-25 को लागि शिक्षक तलव तालिका

DCSD को 2024-25 को शिक्षक तलव तालिका (*बोर्डको अपेक्षित अनुमोदन हुन बाँकी*) **यहाँ** छ ।

### नयाँ पदपूर्ति सेवासुविधाहरू

नयाँ प्रतिभा आकर्षक गर्न, DCSD नयाँ कर्मचारीहरूका लागि पर्याप्त प्रोत्साहन प्रदान गरिरहेको छ:

- भर्खरै भर्ना गरिएका पूर्ण-समयका कक्षाकोठा शिक्षकहरू, बस ड्राइभरहरू, विद्यालय श्रोतका अधिकारीहरू (SROs), प्यारा प्रोफेसनलहरू, नर्सहरू, र सञ्चालनका निश्चित पदहरूका लागि **$2,000 ।**
- गणित तथा विज्ञानका माध्यामिक तथा उच्च विद्यालयका शिक्षकहरूका लागि र विशेष शिक्षाको क्षेत्रका निश्चित विशेषज्ञका लागि **$2,500** ।

-थप-

**कर्मचारी बरकरार प्रोत्साहन**

पूरा समय काम गर्ने हाम्रा वर्तमान कर्मचारीहरूको लागि हाम्रो प्रशंसा व्यक्त गर्न, DCSD $2,000 कर्मचारी बरकरार प्रोत्साहन प्रदान गरिरहेको छ । योग्य कर्मचारीहरू जुन 30, 2024 मा वा अघि काममा राखिएको हुनुपर्छ, र उनीहरूले सेप्टेम्बर 30, 2024 सम्म डिस्ट्रिक्टमा काम गरेको हुनु पर्दछ । यो एक पटकको भुक्तानी उनीहरूको समर्पण र निरन्तर सेवाको लागि हाम्रो कृतज्ञताको प्रतीक हो ।

**असाधारण सेवा प्रशंसा प्रोत्साहन**

DCSD ले पुरानो र असाधारण सेवालाई महत्त्व दिन्छ । 25 वा सोभन्दा बढी वर्ष सेवा प्रदान गरेका पूरा समय काम गर्ने र कम्तीमा एक सम्झौता वर्षको लागि आफ्नो तलव तालिकाको शीर्षमा पुगेका कर्मचारीहरूले $ 1,000 प्रशंसा प्रोत्साहन प्राप्त गर्नेछन् । यो प्रोत्साहन हाम्रा विद्यार्थीहरू र डिस्ट्रिक्टप्रति उनीहरूको दृढ प्रतिबद्धताको सम्मान गर्दै सेप्टेम्बर 30, 2024 मा वा अघि वितरण गरिनेछ ।

**कर्मचारी रेफरल प्रोत्साहन**

DCSD का कर्मचारीहरूले उम्मेदवारहरूलाई महत्त्वपूर्ण क्षेत्रहरू जस्तै शिक्षण, प्यारा प्रोफेसनल पद, बस ड्राइभिङ, र अन्य पदहरूमा रेफर गरेर $ 300 प्राप्त गर्न सक्छन् । बस चालक रेफरलहरूको लागि अतिरिक्त बोनस प्रदान गरिन्छ । यो पहल हाम्रो वर्तमान कर्मचारीहरूलाई DCSD को परिवारमा प्रतिभाशाली पेसाकर्मीहरू ल्याउन प्रोत्साहित गर्न तयार गरिएको हो ।

**उत्कृष्ट हाजिरी सम्मान कार्यक्रम**

जुलाई 1, 2024 र मे 15, 2025 को बीचमा छ वा कम दिनको बिदा प्रयोग गर्ने उत्कृष्ट उपस्थिति भएका पूरा समय काम गर्ने कर्मचारीहरूले $ 250 प्रोत्साहन प्राप्त गर्नेछन् । यस अवधिमा कम्तीमा 650 घण्टा काम गर्ने पार्ट-टाइम र वैकल्पिक कर्मचारीहरू $ 150 पूरक प्रोत्साहन प्राप्त गर्न योग्य हुनेछन्।

**पूरक 2% मिलान कार्यक्रम**

DCSD ले कर्मचारी सेवानिवृत्ति बचतलाई समर्थन गर्न पूरक 2% मिलान कार्यक्रम प्रदान गर्दछ । निरन्तर सेवाको साथमा TRS वा PSERS मा भर्ना गरिएका पूरा समय काम गर्ने कर्मचारीहरू (TRS का लागि पाँच वर्ष र PSERS का लागि दुई वर्ष) यस कार्यक्रमबाट लाभान्वित हुन सक्छन्, जसले योगदानलाई स्वीकृत 403(b) खाताहरूसँग मिलान गर्दछ ।

**कर्मचारी प्रोत्साहन र रेफरल निर्देशिका**

*DDCSD को पदपूर्ति तथा रिटेन्सन तथा रेफरल निर्देशिका,* 2024-2025 को सम्पूर्ण कागजात **यहाँ** छ ।

**DCSD मा रोजगारीका अवसरहरू**

DCSD को रिक्त पदहरूको अहिलेसम्मको, वास्तविक समयको सूचीका लागि, **यहाँ** हेर्नुहोस् ।

**सम्झिनु पर्ने कुरा: जुन 13, बिहीवारको डिस्ट्रिक्टव्यापी रोजगारी मेला**

DCSD ल*डिस्ट्रिक्टव्यापी रोजगारी मेला सफलताको रङ्ग* जुन 13, 2024, बिहीवारका दिन, Decatur, Georgia मा रहेको Columbia Middle School, मा बिहान 9 बजे देखि मध्यान्नसम्म आयोजना गरिनेछ भनेर सबैजनालाई सम्झाउन चाहन्छ ।

XXX

Robert R. Freeman Administrative Complex
1701 Mountain Industrial Blvd. | Stone Mountain, GA 30083
678.676.1200 | www.dekalbschoolsga.org